**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-443




**Article information**

Received: 28 February 2025
Review: 3 March to 12 March 2025
Revision 13 March to 18 March 2025
Accept: 20 March 2025
Published: 10 April 2025
DOI: https://doi.org/10.3126/ps.v23i1.77508
Available: https://www.nepjol.info/index.php/ps

# प्रेमप्रसाद शर्माका कृतिमा डायस्पोरिक प्रतिबिम्ब

प्राध्यापक दिनबहादुर थापा, विद्यावारिधि
त्रिभुवन विश्वविद्यालय
Email: din21036@gmail.com
ORCID iD: https://orcid.org./0009-0000-5578-324X

**लेखसार**

प्रेमप्रसाद शर्मा पौडेल (२०११) अमेरिकाको भर्जिनिया सहरमा बसोबास गर्दै आएका आप्रवासी लेखक हुन् । उनका कथा, कविता र खण्डकाव्य गरी आठओटा कृति प्रकाशित भइसकेका छन् । हालसम्म प्रकाशित कृतिमा गद्य र पद्य कवितासङ्ग्रह तीनओटा, खण्डकाव्य दुईओटा, कथासङ्ग्रह एउटा, गीति कवितासङ्ग्रह एउटा र स्मृतिकाव्य एउटा रहेका छन् । शर्माका यिनै प्रकाशित कृतिमा उनको डायस्पोरिक चिन्तन केकसरी प्रतिबिम्बित भएको छ ? भन्ने समस्यालाई अध्ययनको मूल उद्देश्य बनाइएको छ । शर्माका यी प्रकाशित कृतिहरूको भूमिका लेखनमार्फत आफन्तजनबाट सामान्य समीक्षा भए पनि समग्र कृतिमा अभिव्यक्त उनको डायस्पोरिक प्रतिबिम्बको खोजी भएको छैन । तसर्थ यिनै प्रकाशित कृतिहरूको पुस्तकालयीय अध्ययनमा आधारित वर्णनात्मक र विश्लेषणात्मक शैलीको प्रयोग गरी यो लेख तयार गरिएको हो । सीमित अर्थमा डायस्पोरा शब्दले पहिचानविहीन मानवलाई बुझाए तापनि आजको व्यापक अर्थमा डायस्पोरा भन्नाले सुखसुविधाका लागि आफ्नो मातृभूमि छोडेर सुविधा सम्पन्न मुलुकमा बसेर पनि आफू जन्मेको ठाउँ र आफ्ना विगतका संस्कार तथा संस्कृतिप्रति चिन्तनशीन रहेको व्यक्ति भन्ने हुन्छ । यही व्यापक अर्थलाई यस लेखमा डायस्पोरिक प्रतिबिम्बको अवधारणा बनाइएको छ । यही अवधारणाका आधारमा शर्माका डायस्पोरिक प्रतिबिम्ब झल्किने कृतिहरूको मात्र समीक्षा गरिएको छ । उनका यी प्रवृत्ति झल्किने कृतिहरूमा आफ्नो जन्मभूमि, मातृभाषा, आफन्तजन, आफ्नो संस्कार, नेपाली संस्कृति, परम्परागत पेसा, चाडपर्व र आफ्नो पहिचानप्रति अगाध माया, चिन्ता र चिन्तन प्रकट गरिएको छ । उनका प्रायः कृतिहरूमा आप्रवासी जीवन, एक्लोपन, द्विविधा, अनिश्चितता, अन्योलता, छटपटाहट र विसङ्गत जीवनको प्रतिबिम्ब झल्किन्छ । डायस्पोरिक प्रतिमानको कसीमा हेर्दा शर्माका कृतिहरू डायस्पोरिक चेतना र चिन्ता दुबैमा आधारित छन् । तसर्थ यो लेखमा लेखकीय अभिव्यक्ति डायस्पोरिक मानसिकताको प्रतिबिम्ब हो भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : आप्रवासी जीवन, डायस्पोरिक मानसिकता, नेपाली संस्कृति, प्रतिबिम्ब, विसङ्गत जीवन

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BYNC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

## विषय प्रवेश

प्रेम शर्मा पौडेल (जन्म २०११, भाद्र १६) को पुर्ख्यौली बसोबास बागलुङ नगरपालिका (बानपा) वडा नं. १३ पैयुँपाटा, बागलुङ हो । त्यहाँबाट उनको बसाइँ सराइ बानपा १ रामरेखा, बागलुङमा भयो । यो बसाइँबाट पनि अपेक्षाकृत सन्तुष्टि प्राप्त हुन नसक्दा उनको परिवार काठमाडौं वनस्थलीमा बसाइँ सऱ्यो । तर छोटै समयमा त्यहाँबाट पनि नव अवसरको खोजीमा शर्माको परिवार हाल संयुक्त राज्य अमेरिकाको भर्जिनियामा बसोबास गर्दै आएको अवस्था छ । यसैबाट लेखकको डायस्पोरा जीवनशैली प्रारम्भ भएको अनुभव गर्नसकिन्छ ।

शर्माका *हामी अङ्कहरू* (कवितासङ्ग्रह, २०५६), *महत्तम यात्रा* (खण्डकाव्य, २०७९), *चिन्तन परिधिभित्र* (कथासङ्ग्रह, २०७९), *याद नेपालकै* (पद्य कवितासङ्ग्रह, २०७९), *स्वयम्भूका आँखा* (गद्य कवितासङ्ग्रह, २०८०), *जन्मभूमि सम्झेर* (गीति कवितासङ्ग्रह, २०८०), *हिम-कन्धरा* (स्मृतिकाव्य, २०८१) र *युगकामायण* (खण्डकाव्य, २०८१) कृतिहरू प्रकाशित भइसकेका छन् । शर्माले अमेरिकाको भर्जिनिया सहरमा बसेर तीन वर्षका अवधिमा नेपाली समाजका लागि सातओटा साहित्यिक कृति दिएका छन् । उनका यिनै कृतिहरूमा प्रतिबिम्बित डायस्पोरिक गन्धलाई यहाँ समीक्षाको विषय बनाइएको हो ।

शर्माका समग्र प्रकाशित कृतिहरूलाई विधागत रुपमा हेर्दा गद्य, पद्य, आख्यान, यात्रासंस्मरण र निबन्ध गरी प्रायः सबै विधामा कलम चलाएको देखिन्छ । समय, स्थान र सन्दर्भका आधारमा उनका कृतिलाई वर्गीकरण गरेर हेर्दा उनी नेपालमै रहँदाबस्दाको परिवेशमा लेखिएका कृतिहरूमा शोषण, उत्पीडन, भेदभाव, अशान्ति, विद्रोह, यात्रासंस्मरण आदि भावलाई व्यक्त गरेको देखिन्छ । नेपालभित्रको अशान्ति, विभेद र बेथितिबाट आक्रान्त शर्मा अमेरिकाको भर्जिनिया सहरका आप्रवासी बन्न पुगेपछि उनका लेखकीय प्रवृत्तिमा पनि परिवर्तन आयो । साहित्यमा उनी डायस्पोरिक सर्जक बन्नपुगे ।

शर्माका *महत्तम यात्रा, चिन्तन परिधिभित्र* र *स्वयम्भूका आँखा* कृतिसङ्ग्रहहरू विधागत रुपमा गद्य, पद्य र आख्यान भनिए पनि विषयवस्तु, अभिव्यक्ति कला र लेखकीय भाव भने सबै कृतिमा उस्तैउस्तै देखिन्छन् । उनका समग्र कृतिलाई एउटै डालीमा राखेर अध्ययन गर्ने हो भने पनि खास विधागत प्रवृत्तिहरू ठम्याउन हम्मेहम्मे पर्छ । तसर्थ भएभरका सबै विशेषताहरू शर्माका कृतिमा पाइन्छन् भनी लेखकलाई फुर्क्याउनुभन्दा उनका समग्र कृतिमा डायस्पोरिक जीवनशैलीको प्रतिबिम्ब झल्किन्छ भन्नुमा लेखक र पाठक दुबैलाई न्याय हुन्छ ।

शर्माका समग्र कृतिहरू राष्ट्रसापेक्ष, समाजसापेक्ष वा व्यक्तिसापेक्ष कुन विषयमा आधारित छन् भन्न गाह्रो छ । उनका कृतिमा सुखानुभूति वा दुखानुभूति कुन विषयको व्याप्ति छ भनी छुट्याउन सहज छैन । समग्र कृतिमा लेखककेन्द्री, पाठकेन्द्री वा पाठककेन्द्री कुन विषयले प्रभुत्व जमाएको छ ? त्यो भन्न पनि गाह्रो छ । कृतिमा व्यक्तिसापेक्ष वा समाजसापेक्ष कुन विषयले प्रविष्टि पाएको छ भनी छुट्याउन पनि कठिन छ । प्राचीन वा अर्वाचीन कुन विषयले स्थान जमाएको छ भन्न पनि सहज छैन । अस्तित्ववादी वा विसङ्गतिवादी कुन चिन्तनले घर जमाएको छ भन्न पनि गाह्रो छ । लेखक आफैँले 'लेखकको गुनासो' प्राक्कथनमा "यतिबेला मैले अकविताहरू लेख्छु । .... यस कविता सङ्ग्रहमा विगतका अनुभवहरू, वर्तमानका भोगाइहरू र भविष्यका सपनाहरू" (शर्मा, २०८० क, पृ. ४१) अभिव्यक्त गरेको स्वीकार गरेका छन् । यसबाट पनि उनमा विधागत स्पष्टताको अन्योलता छ भन्ने स्पष्ट हुन्छ । बरु उनमा डायस्पोरिक चिन्ता र चिन्तन व्याप्त छ ।

लेखकका समग्र कृतिहरू वैचारिक दृष्टिले पनि प्रगतिशील वा यथास्थितिवादी कुन आस्थामा आधारित छन् भन्न अप्ठ्यरो छ । हरेक कृतिमा समय, स्थान र विषयवस्तुको अन्वितित्रय हुन्छ । तर उनका कृतिमा यो संयोग पनि पाइँदैन । लेखक हाल घरदेश (होम ल्याण्ड) बाट धेरै टाढा परदेश (होस्ट ल्याण्ड) मा रहेको अवस्था छ । रचनाहरू पनि कतै समसामयिक त कतै आजभन्दा करिब तीनचार दशक पुराना विषयवस्तुमा आधारित छन् । विशेषगरी *याद नेपालकै* (२०७९), *स्वयम्भूका आँखा* (२०८०), *जन्मभूमि सम्झेर* (२०८०), *हिम-कन्धरा* (२०८१) र *युगकामायण* (२०८१) शर्माका स्पष्ट डायस्पोरिक प्रतिबिम्ब झल्किने कृति हुन् । यिनै कृतिका माध्यमबाट शर्माले आफ्ना डायस्पोरिक चिन्ता र चिन्तन दुबै प्रवृत्तिका विशेषताहरू अभिव्यक्त गरेको देखिन्छ । यिनै प्रवृत्तिलाई यहाँ उजागर गरिएको छ ।

शर्माका पछिल्ला पाँचवटा कृतिमा आफ्नो जन्मभूमि, मातृभाषा, आफन्तजन, घरपरिवार, बाबाआमा, आफ्नो संस्कार, नेपाली संस्कृति, परम्परागत पेसा, चाडपर्व र आफ्नो पहिचानप्रति अगाध माया र चिन्ता प्रकट गरिएको छ । उनका प्रायः कृतिहरूमा आप्रवासी जीवन, एक्लोपन, द्विविधा, अनिश्चितता, अन्योलता, छटपटाहट र विसङ्गत जीवनप्रति चिन्ता प्रकट गरेको पाइन्छ । उनका अन्तराष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) बाट प्रकाशित सबै कृतिमा डायस्पोरिक चिन्ता प्रकट गरिएको छ । शर्माका सबै कृतिहरूको भूमिका लेखनमार्फत शुभकामना

व्यक्त र सामान्य समीक्षा गर्ने काम भए पनि उनका सबै कृतिको एकीकृत अध्ययनबाट डायस्पोरिक प्रतिबिम्बको खोजी गर्ने काम कतैबाट पनि भएको छैन । यस अध्ययनले यही रिक्ततालाई पूरा गर्ने काम गरेको छ ।

## अध्ययन विधि र सामग्रीहरू

यो लेख अमेरिकाको भर्जिनिया सहरमा बसोबास गर्दै आएका आप्रवासी लेखक प्रेमप्रसाद शर्मा पौडेलका प्रकाशित कृतिहरूसँग सम्बन्धित छ। उनले गद्य, पद्य र आख्यान विधामा आठओटा कृतिहरू प्रकाशित गरिसकेका छन् । यी प्रकाशित कृतिहरूमध्ये पनि अमेरिका आप्रवासन (२०७३ असार १४) पछि लेखन तथा प्रकाशन गरिएका कृतिहरूलाई अध्ययनको विषय बनाइएको छ । उद्देश्यमूलक यादृच्छिक नमुना छनोट विधिका आधारमा शर्माका कृतिहरू छनोट गरिएका हुन् । यो लेख तयार गर्नका लागि प्राथमिक तथा द्वितीयक दुबै स्रोतका स्रामग्रीहरू प्रयोगमा ल्याइएको छ । प्राथमिक स्रोतअन्तर्गत शर्माका प्रकाशित कृतिहरू रहेका छन् भने द्वितीयक स्रोतका स्रामग्रीहरूमा डायस्पोराको सैद्धान्तिक आधारसँग सम्बन्धित सामग्रीहरू रहेका छन् । डायस्पोराको सैद्धान्तिक अवधारणाका आधारमा शर्माका प्रकाशित कृतिहरूको वर्णनात्मक र विश्लेषणात्मक शैलीमा यो लेख तयार गरिएको हो ।

शर्माका कृतिमा डायस्पोरिक प्रतिबिम्बको खोजी गर्न सैद्धान्तिक आधारका रूपमा भट्टराई (२०६१) को *पश्चिमी बलेंसीका बाछिटा,* भट्टराई (२०६२) को *उत्तरआधुनिक ऐना,* भट्टराई (२०६४) को *उत्तरआधुनिक विमर्श,* गौतम (२०६६) को *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचन* र लुइटेल (२०७९) को *डायस्पोराको सैद्धान्तिक स्वरूप* लगायतका प्रकाशित कृतिको अध्ययनबाट सैद्धान्तिक अवधारणा तयार गरिएको छ । यिनै सैद्धान्तिक पुस्तकहरू र शर्माका प्रकाशित कृतिहरू, प्रकाशकका भूमिका, लेखकका लेखकीय कथन र समीक्षकका भूमिकालाई समेत कृतिसमीक्षाको सैद्धान्तिक अवधारणा निर्माण गरिएको छ । अध्ययनबाट शर्माका कृतिहरू डायस्पोरिक चिन्तनमा आधारित छन् र लेखकीय अभिव्यक्ति डायस्पोरिक मानसिकताको उपज हो भन्ने निष्कर्ष निकालिएको छ ।

## डायस्पोराको सैद्धान्तिक आधार

पश्चिमी साहित्यमा दोस्रो विश्वयुद्धपछि आमूल परिवर्तन आयो । यही परिवर्तनलाई उत्तरआधुनिकता पनि भनिन्छ । उत्तरआधुनिकतासँगै साहित्यमा बहुलवाद र डायस्पोरिक चिन्तनका सैद्धान्तिक आधारहरू विकास भए । उत्तरआधुनिकताले परम्परित मूल्य, मान्यता, संस्कृति, चेतना र विचारहरूलाई विस्थापित गरिदियो (गौतम, २०६६, पृ. १९) । साहित्यमा नयाँनयाँ आयाम र परिवर्तनहरू देखिन थाले । बहुलवादी साहित्यले दलित, जनजाति, पीडित, शोषित, उपेक्षित, अल्पसङ्ख्यक, लोपोन्मुखलगायतका सीमान्तीकृत वर्गका मुद्दालाई उठायो (भट्टराई, २०६६, पृ. ५९) । बहुलवादले भाषिक बहुलता, धार्मिक बहुलता, सांस्कृतिक बहुलता, वैचारिक बहुलता, सामाजिक र जातीय बहुलता तथा लैङ्गिक बहुलतालाई स्वीकार गऱ्यो । यही बहुलवादको जगमा डायस्पोराको सैद्धान्तिक आधार तयार भयो ।

डायस्पोरा शब्दको सामान्य अर्थ छरिनु वा फैलिनु भन्ने हुन्छ । हिब्रु भाषाको सङ्कुचित अर्थमा डायस्पोरा शब्दले मातृभूमिबाट निर्वासित, शरणार्थी वा पहिचानविहीन आप्रवासी भन्ने अर्थ बोध गराउँछ भने ग्रिसेली भाषाको उदार अर्थमा आफ्नो व्यापार, कला र संस्कृतिलाई फैलाउनु भन्ने अर्थबोध हुन्छ (लुइटेल, २०७९, पृ. १०-१५) । आजको सन्दर्भमा विभिन्न कारणले विभिन्न देशहरूमा फैलिएर वा छरिएर रहेका आप्रवासीहरू आफ्नो मातृभूमि, मातृभाषा र संस्कार-संस्कृतिप्रति सम्मोहित हुनु भन्ने अर्थ लाग्छ। डायस्पोरा शब्दको प्रयोग ईसापूर्व छैटौँ शताब्दीदेखि कतै सङ्कुचित त कतै उदार अर्थमा प्रयोग हुँदै आएको पाइन्छ । डायस्पोराको परम्परित सङ्कुचित अर्थ पहिचानविहीन आप्रवासी यहुदीहरू भन्ने लगाइए पनि आजको उदार अर्थमा आर्थिक, राजनीतिक, सांस्कृतिक र धार्मिक दृष्टिकोणबाट स्थानान्तरण हुँदा पनि आफ्नो राष्ट्र, राष्ट्रियता, आफ्नो संस्कार र संस्कृतिप्रतिको चिन्ता र चिन्तन गर्ने मानिसहरूलाई डायस्पोराको अर्थमा बुझिन्छ ।

डायस्पोरा (डाया र स्पोरा) ग्रिसेली भाषाको शब्द हो । यसको शाब्दिक अर्थ कुनै भौगोलिक स्थान विशेषबाट छुट्टिएर वा छरिएर रहनु भन्ने हुन्छ । कुनै समयमा यहुदीहरू आफ्नो जन्मभूमि (इजरायल) बाट छुट्टिएर यत्रतत्र छरिएका थिए । उनीहरूलाई सहानुभूतिक शब्द वा हेयार्थमा डायस्पोरा भनिन्थ्यो । कालान्तरमा उत्तरआधुनिकता र वैश्वीकरण वा भूमण्डलीकरणसँगै आप्रवासी समस्या बढ्दै गयो । यसैको परिणामस्वरुप डायस्पोरिक साहित्यको जन्म भएको हो । डायस्पोरा र डायस्पोरिक साहित्यमा फरक छ । डायस्पोरिक साहित्यमा आप्रवासी पीडा, सांस्कृतिक विचलन, डायस्पोरिक चेतनाको अभिव्यक्ति, अपरिचयीकृत मानवीय अस्तित्वको खोजका साथै स्वदेशीपनप्रतिको अनुराग अभिव्यक्त भएको हुन्छ (गौतम, २०६६, पृ. ५४) । डायस्पोरिक साहित्यमा आप्रवासी जीवनका भोगाइ, अनुभूति, देखासिकी र परिवेशगत चित्रण पनि झल्किएको हुन्छ ।

यसरी डायस्पोरा भन्नाले सीमित, सङ्कुचित र परम्परित अर्थमा शरणार्थी, आप्रवासी वा आफ्नो पहिचानविहीन मानव भन्ने हुन्छ । तर आजको व्यापक अर्थमा डायस्पोरा शब्दले सुखसुविधाका लागि आफ्नो मातृभूमि छोडेर सुविधा सम्पन्न मुलुक वा स्थानमा बसेर पनि आफ्नो जन्मेको ठाउँ र आफ्ना विगतका संस्कार तथा संस्कृतिप्रति चिन्तनशीन मानवीय अभिव्यक्ति भन्ने अर्थमा बुझिन्छ । यही व्यापक अर्थलाई यो आलेखको सैद्धान्तिक अवधारणा बनाइएको छ ।

नेपाली साहित्यमा भित्रिएको डायस्पोरा शब्दले प्रवासी वा आप्रवासीको भावसँगै आफ्नो प्यारो मातृभूमि, मातृभाषा, लोकसाहित्य, रहनसहन, चाडपर्व, आत्मीयजन, आफ्नो संस्कृति, भूगोल र प्रकृतिबाट छुट्टिएर बस्नुपर्दा त्यसैको यादमा तड्पिएको मनोवृत्तिलाई बुझाउँछ । जन्मभूमिमात्र नभई कर्मभूमिमा रहिरहँदा पनि असुरक्षा, सन्तानको भविष्य, दोहोरो नागरिकता, स्थायी बसोबासको द्वैधमानसिकता, द्वैधसंस्कृति, मताधिकारको वञ्चिति, पैतृक र आर्जित सम्पत्तिको सुरक्षण, पहिचानको सङ्कट, सांस्कृतिक दुविधा आदि मनोवृत्ति डायस्पोरिक साहित्यका विशेषता हुन् । ऐतिहासिक पृष्ठभूमि जे भए पनि आज डायस्पोराले आफ्नो अस्तित्वरक्षाको खोजी गरिरहेको छ । नेपाली डायस्पोरिक साहित्यमा पनि नयाँनयाँ सिर्जनाहरू भइरहेका छन् । आफ्ना अनुभव, भावना र सांस्कृतिक पहिचानहरू अभिव्यक्त भएका छन् । यही पङ्तिमा उभिने प्रयास प्रेम शर्माले गरेका छन् ।

डायस्पोरा के हो ? कहाँबाट, कहिलेदेखि र कसरी नेपाली साहित्यमा भित्रियो भन्ने विषयमा अनेक धारणाहरू पाइन्छन् । यहाँ डायस्पोराको गहन र सैद्धान्तिक चिरफार गर्ने उद्देश्य रहेको छैन । नेपालीले परदेशी भूमिमा आर्जेको उपाधिमध्येको एउटा 'डायस्पोरा' पनि हो । कुनै कालखण्डमा नेपालीले विश्वबजारमा 'लाहुरे र बहादुर' जस्ता उपाधिले नाम कमायो । यसैमा कसैले गौरवान्वित त कसैले हीनताबोध गरेको देखिन्छ । ठीक त्यसैगरी आज आफैं प्रवासमा बसेर वा आप्रवासी नेपालीका विषयमा साहित्य सिर्जना गऱ्यो भने 'डायस्पोरा' वा डायस्पोरिक साहित्य भन्ने प्रवृत्ति बढेको छ (थापा, २०८०) । यसका पनि पक्ष र विपक्षमा हरेकका आआफ्नै तर्कहरू छन् । अवश्य पनि वेतनका निम्ति युद्धमा होमिएर बहादुरी पाउनु र जीविकोपार्जनका लागि जन्मभूमि त्यागी कर्मभूमिमा हौसिएर वा तड्पिएर बस्नु स्वाभिमान नागरिकका लागि गौरवको विषय त पक्कै होइन । तर यसमा रमाउनेहरूका पनि आफ्नै तर्कहरू छन् । उनीहरू आफूलाई बहादुर र डायस्पोरा भन्न रुचाउँछन् ।

डायस्पोरा शब्दलाई आज सङ्कुचित र व्यापक दुबै अर्थमा उपयोग गरेको पाइन्छ । सीमित अर्थमा डायस्पोराले आप्रवासी, प्रवासी, शरणार्थी वा स्वपहिचानविहीन व्यक्ति वा समूहको भावलाई जनाउँछ भने उदार अर्थमा डायस्पोराले वैश्वीकरण, साइवर संस्कृति, पाठककेन्द्री विचार, आधुनिकता, नवीनता, बहुलवाद, बहुविषय, पश्चिमी जीवनशैली, पूर्वीय सभ्यताप्रतिको मोह, विकसित राष्ट्रको देखासिकी, बहुसांस्कृतिक चरित्र र द्वैध मानसिकताको उपजलाई सङ्केत गर्दछ । डायस्पोरा एक प्रकारको उत्तरआधुनिकतावादको विशिष्टीकृत रुप हो । उत्तरआधुनिकतामा द्वयर्थक, बहुअर्थक, बहुविधा, विनिर्मित, अकेन्द्रित, बहुलता, अनिर्णितता, बहुआर्थिकता, व्यापकता, मुक्तता, अनिश्चितता र रोलाँ बार्थले भनेझैं क्षय, विघटन र विकृतिजस्ता विशेषताहरू पर्दछन् (भट्टराई, २०६१, पृ. २०३) । यी विशेषताहरू डायस्पोरिक साहित्यमा पनि भेटिन्छन् ।

नेपालमा विभिन्न चरण र प्रवृत्तिमार्फत डायस्पोरा भित्रियो । रोजगार र शैक्षिक अवसरको खोजीमा डायस्पोराको जग बस्यो । यसमा प्रविधिको विकाससँगै अनलाइन लेखन, डिजिटल पत्रपत्रिका, ब्लग र स्वतन्त्र प्रकाशनको विकासले नेपाली डायस्पोरिक लेखकहरूलाई नेपालभित्र र बाहिरी विश्वसँग जोड्न मद्दत गऱ्यो । साथै प्रकाशन गृहहरू र साहित्यिक संस्थाहरूले पनि डायस्पोरिक साहित्यलाई प्रोत्साहित गरे । यसले नेपाली साहित्यमा नयाँ आयाम थप्यो । डायस्पोरा साहित्यले विशेषगरी प्रवासी जीवनका अनुभवहरू, पहिचानको खोजी, सांस्कृतिक सङ्घर्ष र जन्मभूमिप्रतिको सम्झनालाई मूल थिम वा विषयवस्तु बनायो । आज धेरै नेपाली सर्जकहरूले आफ्नो फेसबुक, ट्विटर र ब्लगमार्फत पनि डायस्पोरिक साहित्य लेखिरहेका छन् । यो लेखनलाई विभिन्न साहित्यिक पुरस्कार र सम्मानले पनि थप पृष्ठपोषण गरिरहेको छ । साहित्यिक सम्मेलन र कार्यक्रमहरूले विश्वभर छरिएर रहेका नेपाली लेखकहरूलाई एकत्रित गर्ने काम गरेको छ ।

नेपालबाहिर बसोबास गर्ने नेपालीहरूले आफ्नो अनुभव, दिनचर्या, सङ्घर्ष र सांस्कृतिक पहिचानलाई साहित्यिक रूपमा प्रस्तुत गर्ने विधालाई नेपाली डायस्पोरा साहित्य भनिन्छ । नेपाली डायस्पोरा साहित्यमा मातृभूमिको सम्झना, नयाँ समाजमा एकीकरणका चुनौतीहरू, सांस्कृतिक द्वन्द्व र आफ्नो पहिचानको खोजीलाई मूल विषय बनाइएको पाइन्छ । नेपाली डायस्पोरा साहित्यमा भौगोलिक विस्थापनको पीडामात्र नभई भावना, संस्कृति र पहिचानको खोजी एवम् द्वन्द्वको अभिव्यक्ति पनि झल्किएको हुन्छ । यसमा आफ्नो भोगाइ, सङ्घर्ष, सपनाहरू, परिवार, भाषा, संस्कृति, परम्परा र स्वदेशको माया (नोस्टाल्जिया) पनि अभिव्यक्त भएको देखिन्छ ।

आजको नेपाली डायस्पोरा साहित्यमा स्वदेश र विदेशबिचको बाध्यात्मक सम्बन्ध, आफ्नो र अर्काको सांस्कृतिबिचको द्वन्द्व वा समन्वय, आफ्नो पहिचानको खोजी र आर्थिक एवम् सामाजिक चुनौतीहरूको सामना गर्नुपर्ने परिस्थितिको चित्रण भएको पाइन्छ । त्यसरी नै नेपाली साहित्यलाई वैश्वीकरणको प्रयास, आप्रवासी श्रमिकहरूको दुःख र शोषणको चित्रण, नयाँ र पुरानो पुस्ताबीचको भाषिक र सांस्कृतिक द्वन्द्व, नयाँ समाजमा घुलमिल गर्नुपर्ने बाध्यता र आफ्नो पहिचान एवम् भाषासंस्कृति गुम्ने त्रासको चित्रण आजको नेपाली डायस्पोरा साहित्यमा झल्किन्छ ।

नेपाली साहित्यमा डायस्पोराको परम्परालाई खोजी गर्दा पहिलो चरणका डायस्पोराहरूमा नेपालबाट अवसरको खोजीमा भुटान, सिक्किम, दार्जिलिङ, मेघालय आदि भूभागमा पुगेका नेपाली मूलका मानिसहरू र उनीहरूले भोगेका कथाव्यथालाई लिन सकिन्छ । त्यसैगरी दोस्रो चरणका डायस्पोराहरूमा सुगौली सन्धिपछि पहिलो र दोस्रो विश्वयुद्धसँगै 'लाहुरे, बहादुर, कप्तान' आदि उपाधि हासिल गरी संसारका विभिन्न देशहरूमा बस्दै आएका नेपालीहरू र उनीहरूको दिनचर्यालाई लिन सकिन्छ । तेस्रो चरणका डायस्पोराहरूमा बहुदलीय प्रजातन्त्रको आगमनसँगै खुलेका वैदेशिक श्रमआपूर्ति कम्पनीमार्फत विदेश पठाइएका नगरिकहरू पर्दछन् भने चौथो चरणका डायस्पोराहरूमा माओवादी द्वन्द्व र त्यसपछिको अस्थिर राजनीति संयन्त्रका कारण निर्वासित नेपालीहरू पर्दछन् । यिनै चौँथो चरणका डायस्पोराहरू आज खाडी मुलुक, मलेसिया, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया, युरोप, मध्यपूर्व, जापानलगायत विश्वका धेरै मुलुकमा छरिएर रहेका छन् । यिनीहरूलाई नेपालसँग जोड्ने सम्पर्क सूत्र भनेकै यही डायस्पोरा साहित्य हो । यही चौँथो लहरका डायस्पोराहरूमा प्रेमप्रसाद शर्मा पनि एक हुन् ।

यसरी स्वैच्छिक वा बाध्यकारी जुनसुकै कारणले भए पनि यिनै समग्र आप्रवासीहरूको कथा र व्यथा नै नेपाली डायस्पोरिक साहित्य हो । यी साहित्यमा द्वन्द्व, उत्पीडन, अवसरको खोजी या आर्थिक प्रलोभन जुनसुकै कारणले आफ्नो थातथलोबाट बहिर्गमन हुनुपर्दाको पीडा झल्किएको हुन्छ । यसमा आप्रवासी जीवनका अनुभव, पहिचानको खोजी, सांस्कृतिक विविधता, कर्मभूमिसँगको अनुकूलन, बहुभाषी अनुभव, परिवर्तन र नयाँ वातावरणको चित्रण भएको हुन्छ । यी अनुभूतिहरू शर्माका रचनाहरूमा पनि प्रतिबिम्बित भएका पाइन्छन् ।

डायस्पोरिक साहित्यलाई मलजल गर्न र नेपाली साहित्यको एउटा आयामका रुपमा विकास गर्नमा आप्रवासी होमनाथ सुवेदीको भूमिका महत्त्वपूर्ण देखिन्छ । सुवेदीले अनेसासको संस्थापक अध्यक्ष (सन् १९९१-१९९६) का रुपमा आफैँलाई दावी गर्दछन् । डायस्पोराका विषयमा सुवेदी भन्छन् :

> डायस्पोरामा यौटा नयाँ परिवर्तित संस्कृतिको छाया देखिएको रहेछ । यही हो तर फरक । नेपालका जपतप, सन्ध्या र संस्कृति बिर्सेर पश्चिमा बन्दै गएका उपस्थित व्यक्तिहरूमध्ये एकले आज भानुजयन्ती हो, मनाउन पाए कति मजा हुन्थ्यो भन्ने आवाज निकाले । त्यो ध्वनिमा भानुको उदय थियो । त्यसको उच्चारण गर्ने व्यक्ति थिए- होमनाथ सुवेदी । (२०३०, पृ. ४७)

यो भनाइबाट पनि सुवेदी आफैँले अनेसासको स्थापना गरी डायस्पोरा साहित्यलाई सङ्गठित गर्नमा उनको भूमिका छ भन्नसकिन्छ । अनेसासले आयोजना गर्दै आएको कविता महोत्सव (१९९५ देखि यता क्रमशः) ले पनि यो डायस्पोरिक चिन्तनलाई अझै प्रचारप्रसार गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो । यही अनेसासले शर्माका आठओटामध्ये पाँचओटा कृतिहरू प्रकाशन गरेको छ ।

डायस्पोको परिभाषा, प्रकार र प्रकृति संसारमा कहीँ पनि एउटै प्रकृतिको पाइँदैन । रबिन कोहेन (२००८) ले डायस्पोराका प्रकार र प्रकृतिलाई पीडित, श्रमिक, औपनिवेसिक, व्यवसायिक र उन्मुक्त गरी पाँच प्रकृतिमा विभाजन गरेका छन् (लुइटेल, २०७९, पृ. १५०) । यिनै आधारमा लुइटेल आफैँले पनि डायस्पोरालाई शास्त्रीय (परम्परित यहुदी), पीडित (अपमानित), श्रमिक (स्वेच्छिक), व्यावसायिक, भाषा र संस्कृति गुमेका, गतिशील (फिरन्ते), उत्तरऔपनिवेसिक (प्रगतिशील वा क्रान्तिकारी) र धार्मिक डायस्पोरा गरी विभिन्न वर्गमा विभाजन गर्नसकिने तर्क राख्छन् । उनले डायस्पोरा संस्कृतिको निर्माण हुनुमा विस्थापन वा निर्वासन, बसाइँ सराइ, राजनीतिक शरण, सैन्यसेवा, श्रम वा रोजगार, धर्म, व्यापार-व्यावसाय, डिभी/पिआर, विवाह, अध्ययन आदि कारणहरूलाई कारक तत्त्व मानेका छन् (लुइटेल, २०७९, पृ. १५६) । डायस्पोरा संस्कृति निर्माणमा समय, स्थान र सन्दर्भले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । हिजाको र आजको डायस्पोरालाई हेर्ने दृष्टिकोण र अमेरिकामा बस्ने र अफ्रिकामा बस्ने नेपाली डायस्पोरालाई हेर्ने दृष्टिकोण अवश्य एउटै हुँदैन । तसर्थ यसको परिभाषा, प्रकार र प्रकृतिलाई छुट्याउन सजिलो छैन । प्रवासमा बस्ने दयारत्न शा.भि. (सन् २०१८) ले आफैँ डायस्पोरा भएर डायस्पोराका विषयमा लेख्छन् :

> नेपालबाहिर बसेर नेपाली भाषामा साहित्य लेख्दैमा त्यो डायस्पोरिक साहित्य भन्न नसकिने बरु खगेन्द्र लुइटेलले भनेझैँ 'असुरक्षा, भय, संत्रास, मानसिक पीडा, अपरिचय, बिरानापन वा पराइपन आदिका साथै मातृभूमि, आफन्त

जनको सम्झना, कर्मलाई धिकार्ने प्रवृत्तिलगायत अनेक प्रकारका पीडा बोधमय हुनुपर्छ । यस्तैयस्तै भावना वा विचारहरू डायस्पोरिक साहित्यमा अभिव्यक्त भएका हुन्छन्' ।

दयारत्नले नेपालबाहिर बसेर नेपाली भाषामा साहित्य लेख्दैमा डायस्पोरिक नहुने बरु जुन भाषामा लेखिए पनि आप्रवासीका समग्र उत्पीडनलाई अभिव्यक्त गरेको हुनुपर्दछ भनेका छन् ।

डायस्पोरिक पीडा वा चिन्ता र डायस्पोरिक चेतना वा चिन्तनमा भिन्नता छ । डायस्पोरिक पीडामा लेखक आफैँ भोक्ता हुन्छ । उसले अरुको देशमा बसेर भोग्नु परेका दुःखका अभिव्यक्तिलाई साहित्यको माध्यमबाट प्रकट गरिरहेको हुन्छ भने डायस्पोरिक चेतनामा आफ्ना जीवन भोगाइभन्दा पनि आफ्नो पहिचान, राष्ट्र, राष्ट्रियता र भाषासंस्कृतिप्रतिको मायाले उसलाई सताइरहेको हुन्छ । नेपाली साहित्यको इतिहासमा रुपनारायण श्रेष्ठको *भ्रमर,* लैनसिंह बाङ्देलको *मुलुकबाहिर,* लीलाबहादुर क्षेत्रीको *ब्रह्मपुत्रको छेउछाउ,* होमनाथ सुवेदीको *यमपुरीको महल,* गोपीकृष्ण प्रसाईको *रात ढलेको थिएन,* रुपक श्रेष्ठको *बिगबेन र समय,* विकल आचार्यको *बेलायती आँगनमा नेपाली सुवास,* केदार संकेतको *एथेन्सको झरी* आदि डायस्पोरिक पीडा वा चिन्ताका साहित्यिक कृतिहरु हुन् । सरुभक्त, डम्बर सुब्बा, कृष्ण धाराबासी, हिन्दमैंया वैद्य, पुजन रोका, प्रभात अधिकारी, मेघराज मञ्जुल, पुस्कर शाह, ईश्वरीप्रसाद भट्टराई, सौरभ पोखरेल, सुवास निरौला, हरि अधिकारी, नयनराज पाण्डे आदिलाई डायस्पोरिक पीडाको चेतना भएका साहित्यकार मान्नसकिन्छ ।

आज अमेरिकालगायत समुद्रपारिका मुलुकहरूमा सुखसयलका साथ बसेर पनि नेपाल र नेपालीप्रतिको चासो र चिन्ताको अभिव्यक्ति डायस्पोरिक चेतना हो । डायस्पोरिक चेतनाले कर्मभूमिप्रतिको सुखसयल र जन्मभूमिप्रतिको मायाले उसलाई सताइरहेको हुन्छ । प्रायः आप्रवासी नेपाली र अनेसासमार्फत प्रकाशित साहित्यमा डायस्पोरिक पीडभन्दा पनि डायस्पोरिक चेतना बढी मात्रामा झल्किएको हुन्छ । होमनाथ सुवेदी, राजव, प्रेम शर्मालगायतका साहित्यिक कृतिहरूमा डायस्पोरिक चिन्ता र चिन्तन दुबै अभिव्यक्त भएको पाइन्छ ।

अनेसासले डायस्पोरिक साहित्यलाई विकसित देशबाट भित्रिएको आधुनिक धारा वा प्रवृत्तिका रुपमा स्थापित गर्नखोजेको देखिन्छ । तर पनि परम्परित वा आधुनिक जुन अर्थमा भए पनि डायस्पोरिक साहित्यमा लेखक र लेखकीय पात्रको मनोवृत्तिमा मानसिक पीडा, भय, सन्त्रास, आक्रोश, विरक्ति, असुरक्षा, जन्मभूमिप्रतिको माया, आफन्तको याद र आफ्नो सांस्कृतिक मोह झल्किरहेको हुन्छ । आफू कर्मभूमिमा रहनुपर्दाको चिन्ता र आफ्नो जन्मभूमिप्रतिको चिन्तनसँगसँगै झल्किरहेको हुन्छ ।

आप्रवासी लेखकका साहित्यिक कृतिहरूमा प्रायः उस्तैउस्तै डायस्पोरिक चिन्तन पाइन्छ । चन्द्र गुरुङका कवितामा पनि डायस्पोरिक चेतनमा आधारित प्रेम, घृणा, आँसु, हाँसो, विवशता, दुःख, पीडा, सङ्घर्ष, सपना, जीवनका अप्ठ्याराजस्ता कथ्यको प्रयोग भएको पाइन्छ (गुरुङ, सन् २०२४, पृ. २०५) । यी भनाइबाट पनि डायस्पोरिक चिन्तनमा आधारित कृतिमा उस्तैउस्तै भाव अभिव्यक्त भएको पाइन्छ ।

डायस्पोरा र डायस्पोरिक संस्कृतिले गर्दा आज नेपालमा गाउँहरू रित्तिदै छन् । बस्ती खण्डहर भइरहेका छन् शैक्षिक संस्थाहरू धमाधम बन्द हुने अवस्थामा छन् । मुलुकको अर्थतन्त्र विप्रेषणमुखी र विकासका पूर्वाधारहरू अनुदानमुखी बनेका छन् । बौद्धिक पलायन र युवा बेरोजगारीको समस्याले नेपाल वृद्धवृद्धा, रोगी र अशक्तहरूको देश बन्न पुगेको छ । यही भाव डायस्पोरिक साहित्यमा भेटिन्छ । शर्माका कृतिहरूमा यिनै डायस्पोरिक प्रतिबिम्बहरूको खोजी गर्ने कार्य गरिएको छ ।

## नतिजा र छलफल

प्रेमप्रसाद शर्मा पौडेलको लेखकीय अध्ययनको परिसीमालाई बुझ्दा उनी कानुन, राजनीतिशास्त्र, ग्रामीण अर्थशास्त्र (विद्यावारिधि), सूचनाप्रविधि र साहित्यशास्त्रका बुज्रुग र बहुआयामिक व्यक्तित्व हुन् । पेसागत अनुभवलाई हेर्दा उनले कर्मभूमिमा जेजस्तो अनुभव आर्जन गरे पनि आफ्नो गृहभूमिमा शिक्षक, कर्मचारी, एनजिओकर्मी, समाजसेवी त कहिले कानुनी अनुवादक (नोटरी पब्लिक) को भूमिका निर्वाह गरेको देखिन्छ (शर्मा, २०७९ ख, लेखक परिचय) । यसले उनको बौद्धिक पृष्ठभूमि र राष्ट्रसेवकको भूमिकालाई दर्साउँछ । तर यस्तो बहुआयामिक व्यक्तित्वले आफ्नै जन्मभूमिमा रहेर घरपरिवार, समाज र देशको सेवा गरी सम्मानित जीवन व्यतीत गर्ने अवसर नपाउनु वा गुमाउनु आफैँमा विडम्बना हो । यिनै विडम्बनाहरू शर्माका साहित्यिक कृतिहरूमा पाइने डायस्पोरिक प्रतिबिम्बहरू हुन् ।

शर्मा आर्थिक रुपमा शास्त्रीय पण्डित घराना र कुलीन संस्कारमा हुर्केका व्यक्ति हुन् । उनले आफ्ना मातापिता, समाज र राष्ट्रको सेवामा आफ्नो ज्ञान, सिप, बोध र दक्षतालाई उपयोग गर्नुपर्थ्यो तर परिस्थितिले गाउँबाट सहर र सहरबाट पनि अमेरिका पुऱ्यायो । उनको पारिवारिक पृष्ठभूमि, शैक्षिक धरातल र पेसागत बाध्यताहरू जेजेस्ता भए पनि उनको रुचिको

क्षेत्र साहित्य नै हो । साहित्यअन्तर्गत पनि नियात्रा, संस्मरण, कथा र कविता (गद्य र पद्य) गरी धेरै विधामा उनको लेखन शैली छिरलिएको छ । यो विकीर्ण शैलीले पनि उनलाई सधैँ अस्थिर, चञ्चल र आफैँमा डायस्पोरा बनाइदियो । यो डायस्पोरिक चिन्तन उनका सबै कृतिमा पाइन्छ । यही प्रवृत्तिलाई यस लेखमा खोजीको विषय बनाइएको छ ।

शर्माले *महत्तम यात्रा* खण्डकाव्यमा तीर्थाटनको आनन्दानुभूति, भ्रमणको महत्व, नेपालको तत्कालीन परिवेश, द्वन्द्वकालीन अवस्था, विदेशी स्वार्थका निम्ति निर्मित भौतिक पूर्वाधार, मजदुर र किसानहरूका पीडा, घर छाडी प्रदेसिनुपर्ने बाध्यता, अदूरदर्शी नेतृत्व, गरिब र असहायप्रति सहानभूति, द्वन्द्व र अशान्तिका पीडाहरू, आध्यात्मिक जीवनशैलीको खोजी, सत्तासीन राज्यव्यवस्थाका कमजोरीहरू तथा सामाजिक बेथितिप्रति आक्रोश प्रकट गरेका छन् । यसमा कविले कर्मभूमिमा बसेर पनि जन्मभूमिप्रतिको चिन्ता प्रकट गरिरहेका छन् ।

*चिन्तन परिधिभित्र* कथासङ्ग्रहमा लेखकले आफ्नै जीवन (बाल्यावस्था, यौवनावस्था र प्रौढावस्था) भोगाइका अनुभूतिहरू र नेपाली समाजमा आएको परिवर्तनलाई चित्रण गरेका छन् । पहिलो चरणका कथाहरूमा लेखक आफ्नो बाल्यावस्था, प्रेम, यौवन, प्रकृति र सौन्दर्यप्रति बढी लहसिएको देखिन्छ भने दोस्रो चरणका कथाहरूमा आफ्ना व्यावहारिक जीवन भोगाइका अनुभवहरूलाई अभिव्यक्त गरेको देखिन्छ । कथासङ्ग्रहमा कथाकारले सामाजिक अभाव, बेथिति, विसङ्गति, लाहुरे परम्परा, कोरोनाको कहर, अत्याचार, वैराग्य र आफू भौतिक चाहनाबाट निवृत्त अवस्थामा पुगेको भाव व्यक्त गरेका छन् । शर्माका प्रायः सबै कृतिमा आफ्नो मात्र नभएर समग्र डायस्पोरा नेपाली मानसिकताको प्रतिबिम्ब झल्किएको पाइन्छ ।

डायस्पोरा लेखक होमनाथ सुवेदी (२०७९ ग) ले *याद नेपालकै* कवितासङ्ग्रहको भूमिकामा “कुनै पनि हेतुले यौटा ठाउँबाट अर्को ठाउँमा सरेको छपाली नै डायस्पोरा हो तर आज राष्ट्रियताको हैसियतले यसको परिभाषाको सीमा भर्न खोजिन्छ । यौटा राष्ट्रबाट अर्को राष्ट्रमा बसाइसराइ गरेका व्यक्ति वा समुदायलाई डायस्पोरा भन्दछन्” (पृ. झ) भनेका छन् । यसैमा सुवेदीले डायस्पोराका प्रकारलाई वर्गीकरण गर्दै भन्दछन् :

> यीमध्ये कवि डा. प्रेम ज्यालादारीको खोजमा निस्केका आप्रवासीको वर्गमा पर्दछन् र यो वर्गको काम, माम, भिसाका पीडा तथा गृहस्मृतिका पीडाका कथामा कविता बुनिएका हुन्छन् । विवेच्य कविका कविताको पनि डायस्पोरिक विशेषता त्यस्तै छ । ती डायस्पोराका रचना पनि विभिन्न चरणमा विभिन्न विशेषतासित लेखिएका हुन्छन् । (२०७९, पृ. झ)

सुवेदीका अनुसार प्रेम शर्मा प्रथम चरणका डायस्पोरा हुन् । उनका कृतिमा नयाँ राष्ट्रको भयबाट उत्पन्न पुरानो देशको पूर्वस्मृति व्याप्त भएको देखिन्छ (पृ. झ) । सुवेदीका यी भनाइबाट पनि शर्मा पहिलो चरणका ज्यालादारी आप्रवासी डायस्पोरा हुन् भन्ने सङ्केत पाइन्छ ।

प्रेम शर्मा ज्यालादारी वा कामको खोजमा निस्केका आप्रवासी हुन् । उनका कृतिमा काम, माम, भिसाका पीडा तथा गृहस्मृतिका पीडाका कथामा कविता बुनिएका छन् (सुवेदी, २०७९, पृ. झ) । शर्माका कृतिमा डायस्पोरिक चिन्ता र चिन्तन पनि विभिन्न चरणमा विभिन्न विशेषतासित लेखिएका हुन्छन् । विशेषगरी उनका कृतिमा ‘नयाँ राष्ट्रको भयबाट उत्पन्न पुरानो देशको पूर्वस्मृति व्याप्त’ डायस्पोरिक चिन्तन पाइन्छ ।

प्रेम शर्माले *याद नेपालकै* कविता सङ्ग्रहको आफ्नै लेखकीयमा “नेपाली भाषा र साहित्यको विकास गर्ने लक्ष्य, ध्येय र उद्देश्य राखेका सङ्गठन, सङ्घ वा समाजले नेपालबाहिर छरिएर बसेका नेपालीहरूलाई समेटी आफ्ना सङ्गठन, सङ्घ वा समाजमा आबद्ध गराई विचारलाई लिखित रुप दिने काममा प्रेरणा प्रदान गरुन् भन्ने कामना गर्दछु” (२०७९ ग, पृ. त) भनेका छन् । यो भनाइबाट पनि शर्माको डायस्पोरिक चिन्तन स्पष्ट हुन्छ । यसैमा उनी ‘याद नेपालकै’ यसरी गर्दछन् :

> पाखा खोला बगर डुलियो आज कस्ता भए हुन्
> भारी बोक्ने पथभरि नयाँ वेश गाडी कुदे हुन् ।
> खोलाबाटै नहर बगने फाँट कस्ता भरिला,
> सम्झी सम्झी दिन बितिगए व्यर्थ भैगो नि चोला ॥ (शर्मा, २०७९ ग, पृ. ५२)

यसरी कविले डायस्पोरिक अभिव्यक्तिहरू सबै कृतिमा उत्तिकै सशक्त ढङ्गले व्यक्त गरेका छन् ।

मानव यायावर प्राणी हो । ऊ एउटै स्थानमा बसिरहन सक्दैन । म्याक्स वेबरले भनेझैं मानिस सम्पत्ति (प्रोपटी), प्रतिष्ठा (प्रेस्टिज) र शक्ति (पावर) आर्जनका लागि सङ्घर्ष गरिरहेको हुन्छ । यिनै तीन तत्वले सामाजिक संरचना निर्धारण

गरेको हुन्छ । यसैको पूर्ण प्राप्तिको अभावमा ऊ दुखित भइरहन्छ । बर्मा गए पनि कर्मसँगै भनेझैँ मानिस जहाँ पुगे पनि चिन्ता र चिन्तनले उसलाई छोड्दैन । बरु सम्पत्ति या भौतिक सुविधाको खोजीमा डायस्पोरा बन्नुपर्दा उसलाई प्रतिष्ठा र शक्तिको अभावले सताइरहेको हुन्छ । यही लेखकीय चिन्तनमा डायस्पोरा साहित्य जन्मन्छ । डायस्पोरिक पीडाको सुन्दर अभिव्यक्ति शर्मा आफ्ना कवितामार्फत यसरी व्यक्त गर्दछन् :

कामै काम गरी बिते दिन सदा थुप्रिन्न पैसो रती
बाटो खर्च बनाउने रहरमै बित्यो सबै जिन्दगी ॥
आश्रय नमिले भोलि भर हो भाइ बहिनीको,
बाँच्दै मानवता खोजी पुकार तब राज्यको ।
माटो नेपाल सम्झे नि बाटो बन्द हुने भयो,
दुखेसो नै गरी बस्दा पाँच वर्ष गयो बित्यो । (शर्मा, २०७९ ग, पृ. ८३)

सम्पत्तिकै लागि आप्रवासी बनिरहँदा पनि कविलाई भोलिको प्रतिष्ठा र शक्ति वा पावरको चिन्ताले सताइरहेको छ ।

शर्माको व्यक्तित्व र कृतित्वप्रति विहङ्गम दृष्टि लगाउँदा एकातर्फ नयाँ अवसरको खोजीमा डायस्पोरा जीवन बिताउनुपरेको र अर्कातर्फ डायस्पोरिक जीवनका असन्तुष्टिहरू आफ्ना कृतिका माध्यमबाट अभिव्यक्त भएको प्रतिबिम्बित हुन्छ । *याद नेपालकै* कवितासङ्ग्रहमा शर्माका 'फर्कन्न आमा घर', 'बाबाको श्राद्धको दिन', 'साठी वर्ष पुग्दा', 'पैसट्ठी वर्ष पुग्दा', 'बाबाको सम्झनामा', 'बाबालाई पुष्पमञ्जरी', 'आमालाई सम्झेर', 'दशैं पर्व', 'निदाउनु कति', 'सपनामा आफ्नो देश', 'अमेरिकामा ६ वर्ष', 'अठसठ्ठी वर्षमा प्रवेश', 'नेपाल मेरो जन्म थलो' लगायतका ५५ ओटा फुटकर कविताहरू सङ्ग्रहीत छन् । यी सबै कविताको मूल मर्म पनि आफ्नो देश, समाज, आफन्तजन, आफ्ना आमाबाबुका सपना र बाध्यात्मक रुपमा डायस्पोरिक जीवन बिताउनुपर्दाको मनोदशालाई यहाँ राम्रोसँग चित्रण गरिएको छ । कवि आफ्नो डायस्पोरिक जीवनको सुन्दर अभिव्यक्तिलाई यसरी व्यक्त गर्दछन् :

ज्यूँदा ईश बिते छ के अब कुनै ? बाबा र आमा बिते,
सौभाग्यै लुटियो विदेश बसने फर्केन वर्षौ बिते ।
नेपालै अबको समुन्नत बनोस्, छोरा नजाऊन पर,
मेरो बन्धन ता परेछ बलियो फर्कन्न आमा घर । (शर्मा, २०७९ ग, पृ. ३)

कविले सर्वस्व गुमिसक्दा र याद नेपालकै भइरहँदा पनि आफू नेपाल फर्किन नसक्ने बाध्यात्मक परिस्थितिलाई बताएका छन् । उनी आफू बाध्यतामा परे पनि आफ्ना सन्तानलाई विदेश जान नपरोस् भन्ने कामना गर्दछन् ।

शर्माको *स्वयम्भूका आँखा* कवितासङ्गहमा ४१ ओटा कविताहरू सङ्ग्रहीत छन् । यस सङ्ग्रहमा 'मानसिक खेती', 'यो हो अमेरिका', 'ऊ मरिसकेको छ', 'राष्ट्रसङ्घको भान्सामा' जस्ता कवितामार्फत कर्मभूमिमा भोग्नुपरेका डायस्पोरा जीवनपद्धति र अन्तराष्ट्रिय व्यथितिप्रति व्यङ्ग्य गरिएको छ । त्यसैगरी कविले अन्य कविताका माध्यमबाट आफ्नो जन्मभूमि वा नेपाली समाजमा व्याप्त व्यथितिप्रति चोटिलो व्यङ्ग्य गरेका छन् । उनी 'मानसिक खेती' कवितामा "अर्काको उब्जनी देखेर मात्रै कहाँ हुन्छ र ? आफ्नो फाँट त बाढी पहिरोले छियाछिया भइरहेको छ" भन्दै जन्मभूमिको स्मरण गर्दछन् । 'यो हो अमेरिका' कवितामार्फत उनले पूँजीवादी व्यवस्थाका शरणार्थी समस्या, अमानवीय व्यवहार र यान्त्रिक पद्धतिको विकृतिलाई औंल्याएका छन् । उनी भन्छन् : "मानवतावादी देश, जहाँ मानवता रोइरहेको छ, सम्पन्न देश जहाँ विपन्नहरू.... शरणार्थीहरू भरिएका छन्" । त्यसरी नै कवि 'ऊ मरिसकेको छ' कवितामा भन्छन् :

ऊ बाँच्नुको सार छैन, ऊ मरिसकेको हुन्छ ।
प्रत्यक्ष तथा अप्रत्यक्ष दुस्मनहरूका अगाडि
अपनत्व हराइसकेको छ,
ऊ हारिसकेको छ, ऊ मरिसकेको छ । (शर्मा, २०८० क, पृ. १०३)

यो कवितामा उनले जीवनको निस्सारता, दुस्मनी, पीडा, हीनता र व्यथितिप्रति व्यङ्ग्य गर्दै आफ्नो अस्मिता गुमाउनुपर्दाको पीडा व्यक्त गरेका छन् ।

नेपाली समाजमा व्याप्त व्यथिति र भ्रष्टाचारप्रति व्यङ्ग्य गर्दै शर्मा 'भ्यागुताको आवाज' मार्फत राजनीतिक नेतृत्वप्रति वितृष्णा र घृणा यसरी व्यक्त गर्दछन् :

कुनै स्वाद र मिठास लाग्दैन, खालि नमिठो होहल्ला लाग्छ,

मान्छेलाई सजाय दिनुपर्‍यो भने, भ्यागुताको आवाज सुनाइदिए पुग्छ । ...
कहिले पोखरीको बजेट भाषणमा, कहिले पाल माग्ने नेपालको नाकाबन्दमा । (शर्मा, २०८० क, पृ. ९६)

व्यक्तिमनभित्रका अशान्ति र आक्रोशलाई शर्माले ‘स्वयम्भूका आँखा’ कवितामार्फत व्यक्त गरेका छन् । स्वयम्भूका न्याय र अन्याय छुट्याइ हेर्ने ती आँखाले आज समाजमा व्याप्त अशान्ति र असमानतालाई हेर्न छोडिसकेका छन् । आज नेपाली समाजमा न्याय, सद्भाव, सहयोग र मित्रताको भावना हराउँदै गएको छ । नेपालमा मात्र होइन यो सिङ्गो ब्रह्माण्ड र अन्तरिक्षमा समेत अशान्ति र उथलपुथल भइरहेको छ । यिनै अशान्ति र असमानताको आक्रोशलाई कविले यसरी व्यक्त गर्दछन् :

अन्तरिक्षको उथलपुथल हुन लागेको यो युग,
जहाँ ब्रह्माण्डभित्र तहल्का मच्चिएको छ ।
तिम्रो शिरमाथि, एउटा शङ्का उत्पन्न भैरहेछ,
त्यस्तै शङ्का ममा पनि उत्पन्न भैरहेछ । (शर्मा, २०८० क, पृ. ४६)

नेपालमा धनी र गरिबको खाडल चुलिँदै गएको छ । स्वयम्भूका आँखाले नदेख्ने यो असमानतालाई देख्ने कसले ? कवि भन्छन् :

महलका छत मात्र हेरिरहेका छौ कि,
टहराका बलेसी पनि
हिमाली शृङ्खला मात्र हेरिरहेका छौ कि, वागमतीको किनार पनि
उफ्रने बाँदर मात्र हेरिरहेका छौ कि,
नेपाली मुटु बोकेका मान्छेहरू पनि । (शर्मा, २०८० क, पृ. ४६)

कवि आफू प्रवासमा रहेर नेपालका बेथितिप्रति आक्रोशमात्रै होइन नेपाल र नेपाली माटोप्रति अगाध माया पनि प्रकट गरेका छन् ।

संसारको जुनसुकै कुनामा बस्ने नेपालीहरू नेपालप्रति चिन्तित र चिन्तनशील छन् । उनीहरू नेपालले प्रगति गरोस् भन्ने कामना प्रकट गर्दछन् । नेपालमा व्याप्त व्यथितिप्रति व्यङ्ग्य प्रकट गर्दछन् । शर्मा भन्छन् :

गृहराष्ट्रको पेटमा तुस परिसकेको छ,
त्यसैले मभित्रको मान्छेले
आस्थाको मान्छे खोजिरहेको छ । (शर्मा, २०८० क, पृ. १०५)

तन आप्रवासी भए पनि मन विशुद्ध नेपाली भएर नेपालको श्रीवृद्धि होस् भन्ने कामना कविले गरेका छन् ।

मनोवैज्ञानिक अल्फ्रेड एड्लर (सन् १९५६) ले व्यक्तिमनको हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बीच हुने मनोद्वन्द्वका विषयमा चर्चा गरेका छन् । व्यक्तिले चाहेको कुरा सहजै प्राप्त गर्न नसक्दा उसमा हीनत्वको भाव जागृत हुन्छ । यही हीनत्वग्रन्थिबाट माथि उठेर उसले श्रेष्ठत्व प्राप्तिका लागि नयाँनयाँ सिर्जनाहरू पनि गरिरहेको हुन्छ । तर हीनत्वबाट मुक्त हुन पनि नसक्ने र पूर्ण सफलता वा श्रेष्ठत्व आर्जन गर्न पनि नसक्दा एड्लरले भनेझैँ व्यक्तिमा मनोद्वन्द्वको आक्रोश या विद्रोहको भाव उत्पन्न हुन्छ । यही मान्यताका आधारमा पनि शर्माका कृतिहरू आस्वादन गर्नसकिन्छ (थापा, २०८०) । उनी आफ्ना कवितामा हीनत्व र श्रेष्ठत्वको भावलाई यसरी व्यक्त गर्नछन् :

हेरौं यो द्वन्द्वको भुमरीमा,
सकारात्मक र नकारात्मक सोचाइका झगडाहरूमा
सत्य र असत्यहरू, शुभ र अशुभहरू
सहयोग र असहयोगहरू, सद्गुण र दुर्गुणहरू
दिलको मैदानका दुई पक्ष
देब्रेवादी र दाहिने प्रतिवादी बनेर उभिएका
यी मनभित्रका प्रतिद्वन्द्वहरूको, ...
हेरौं यो मनको अदालतमा । (शर्मा, २०८० क, पृ. ११८)

यसरी कविले आफ्नो मनोद्वन्द्वको भावलाई डायस्पोरिक पीडासँग अन्तर्घुलन गरेर व्यक्त गरेका छन् ।

कविताको अपरिहार्य तत्त्व भनेको बिम्ब हो । बिम्बहरूको सामूहिक स्वरुपलाई बिम्बविधान भनिन्छ । कवितामा इन्द्रियजन्य अनुभवका साक्षी वा चाक्षुष भनेकै बिम्ब हुन् । बिम्बलाई अमूर्तविचार, मानसिक चित्र वा शब्दचित्र पनि भनिन्छ (वराल, २०५५, पृ. ५२४) । बिम्बहरू सरल र जटिल दुबै प्रकृतिका हुन्छन् । सरल प्रकृतिका बिम्बहरू वर्णनात्मक वा शाब्दिक अभिव्यक्तिका रुपमा आएका हुन्छन् भने जटिल बिम्बहरू आलङ्कारिक भाषा (रुपक, उपमा, लक्षणा, व्यञ्जना,

अनुप्रास आदि) मा इन्द्रियजन्य अनुभूतिलाई प्रतीकात्मक रुपमा अभिव्यक्त गर्न आएका हुन्छन् । शर्माका कवितामा यी सरल र जटिल दुबै प्रकृतिका बिम्बविधानको संयोजन गरिएको छ । सारमा भन्नुपर्दा शर्माका कवितामा डायस्पोरिक मनोद्वन्द्वका प्रतिबिम्बहरू छरपस्ट आएका छन् । उनी आफ्ना मनोद्वन्द्वका प्रतिबिम्बहरू यसरी प्रस्तुत गर्दछन् :

मान्छे पूजा गर्ने रहर हुँदाहुँदै, जीविकाका लागि हतियार पुजेको छु
अनि लडिरहेकै छु जीविकाकै लागि मैले मलाई बुझ्ने रहर हुँदाहुँदै
तिम्रो मनोविज्ञान पढिरहेको छु जीविकाको लागि । (शर्मा, २०८० क, पृ. १३७)

यसरी कविले आफू आप्रवासी बन्नुपर्ने बाध्यात्मक परिस्थितिलाई जर्मन समाजशास्त्री म्याक्स वेबर (सन् १८६४) ले भनेझै सम्पत्ति र प्रतिष्ठाका लागि सङ्घर्ष गर्नुपरेको सुन्दर बिम्ब प्रस्तुत गरेका छन् ।

शर्माले आफ्नो *जन्मभूमि सम्झेर* गीति कविता सङ्ग्रहमा आफ्नो गृहभूमिको सम्झना यसरी गर्दछन् :

पुराना साथी छाडिए सबै बाँकी छ सम्झना,
विपना अर्कै आकाशमुनि विगत सपना ।
परिवार प्रथा फेरिदै गयो सभ्यता अर्कै भो,
तै पनि गाउँ प्यारो नै लाग्छ धरती आफ्नै हो ।
अगेनु तातो मझेरी प्यारो सम्झना बरोबर,
छाडियो गाउँ जन्मेको थलो वंशजको धरोहर ।
त्यै गाउँ ऐले आँखामा मात्रै नाचेको देख्दैछु,
सम्झना भाव आउँदा यस्तै कविता लेख्दैछु । (शर्मा, २०८० ख, पृ. ४१-५७)

शर्माले *जन्मभूमि सम्झेर* गीतिसङ्ग्रहअन्तर्गत १३४ ओटा असारे भाकाका गीतांश प्रस्तुत गरेका छन् । यी सबै गीतहरूमा बाआमा, घरगाउँ, पशुपन्छी, धर्मसंस्कृति, चाडपर्व, घरगोठ, साथीभाइ, ठिटाठिटी, हिउँदवर्षा, देवीदेउता, धर्मसंस्कृति, पाटीपौवा, सँगाती, परिवार, आफ्नो जीवन, आजपूजा, गाउँघरको वर्णन, पुराना प्रथाहरू, सम्झनामा आउने साथीहरू, गाउँले जीवन, भूगोल, वातावरण, जन्ममृत्यु आदि सबैको स्मरण गरेका छन् (पौडेल, २०८० ख, पृ. १२) । यी सबै उनका डायस्पोरिक प्रतिबिम्बका अभिव्यक्तिहरू हुन् ।

शर्माले आफ्नै स्वर्गवासी बाबुआमा (हिमलाल र मन्धरा) को नाममा लेखिएको *हिम-मन्धरा* स्मृतिकाव्यमा आफ्ना बाबुआमाको जीवनगाथा, पितृवन्दना र पितृऋणको भारी बिसाएका छन् । यस स्मृतिकाव्यका विषयमा लकाश पौडेल (२०८१ क) आफ्नो शुभकामनामा प्रेम शर्माले "आमा-बाबुका विषयमा यो स्मृतिकाव्य लेखेर यिनले यौटा आदर्श छोराको कर्तव्य निभाएका छन्" भनेका छन् । अर्का सुदीपभद्र खनाल (२०८१) ले पनि यस स्मृतिकाव्यको भूमिकामा "कवि पौडेलका कवितामा आफू हुर्के खेलेको हाँसे डुलेको ठाउँको माया सल्बलाएको छ । आफ्ना पिताको स्नेहको छहारी वटवृक्षभैँ झ्याङ्गिएको छ" भनेका छन् । यी भनाइबाट पनि उनको तन आप्रवासमा रहे पनि मन मातृभूमिको माया (नोस्टाल्जिया) मा तड्पिएको छ भन्नसकिन्छ । उनी अफैँ आफ्नो स्मृतिकाव्यको भूमिकामा लेख्छन् :

> घरमा नभएका छोरा छोरीहरूलाई बाबा-आमाको स्वर्गारोहणको खबरले त्यतिबेला मन कस्तो हुन्छ होला ? मनमा कस्ता भावनाहरू प्रवाहित भए होलान् ? भित्रभित्र मन कति रोए होला ? बाबा-आमा दुबैको स्वर्गारोहणको बेला म घरमा भइनँ ...ती विगतका दिनहरू जुन बाबाआमासँग विभिन्न क्रियाकलापहरू गरेर बिताइयो ती दिनहरूको सम्झना आइरहन्छ । (शर्मा, २०८१ क, लेखकको कथन)

शर्माले आफ्नो अनुपस्थितिमा अभिभावक गुमाउनुपर्दाको क्षणमा यी स्मरणबाट पनि आफ्नो पितृऋण चुक्ता गरेका हुन् ।

शर्माले आफ्नो 'माईको मन्दिरमा पूजाआजा' शीर्षकको कवितामा भन्छन् :

हाम्रो त्यो घरको पछाडि पुजिने यौटा छ है मन्दिर,
माईमन्दिर हो छ सानु नमुना उत्पत्ति साँचो कुरा ।
खन्दा त्यो जमिनै अहो प्रकट भो ठानेर माई भनी,
स्वप्नामा सब नै बताइ विधिको छोपेर माटो मुनि ॥ (शर्मा, २०८१ क, पृ. ४१)

यी कवितांशमा कविले आफू आप्रवासी भएर पनि आफ्नो धर्म, संस्कृति र लोकविश्वासलाई बिर्सिन नसकेको प्रमाण दिन्छन् ।

बाबा-आमाको स्वर्गारोहणपछि पनि कवि यसरी सम्झन्छन् :

बाआमा मनमा सदा बसिरहे मेटिन्न यो नै स्मृति,
तिम्रो त्यो स्मृतिमा म लेख्छु कविता बन्ने छ यो नै कृति ।
बाआमा हितका थियौ विलिन भै संसार छाडी गयौ,
बारम्बार यता सधैँ दिल भरी ह्यौता बनेरै रह्यौ ॥ (शर्मा, २०८१ क, पृ. ९०)

यसरी आप्रवासी बनिरहँदा पनि गृहभूमिको माई, मन्दिर, बाबाआमा, आफन्तजन, आफ्नो समाज र देश सम्झेर तड्पिनु डायस्पोरा साहित्यको विशेषता हो ।

शर्माले आफ्नो *युगकामायण* खण्डकाव्यमा यौनकुण्ठा र दबिएका चहनाहरूलाई डायस्पोरासँग जोडेर हेरेका छन् । उनी वैवाहिक सम्बन्धलाई पनि डायस्पोरासँग जोडेर यसरी हेरेका छन् :

जान्छन् भारत क्वै अझै अझ परै बन्दछन् विदेशी कतै,
ती फस्दा युवती पराइ घरकी माया बसेरै उतै ।
फर्कनन् कहिल्यै भुले अब उनी प्यारी उतैकी बनिन्,
रच्दै यो इतिहासको चरणको हौँ आप्रवासी भनिन् । (शर्मा, २०८१ ख, पृ. ९)

शर्माका यी भनाइले नेपालीहरु आप्रवासी बन्नुका कारणहरुमा वैवाहिक सम्बन्ध पनि एक हो भन्ने पुष्टि हुन्छ ।

सिग्मण्ड फ्रायडले साहित्यलाई मानिसको अवचेतनमनमा दबिएका इदका चाहना या यौनकुण्ठाको अभिव्यक्ति दिने माध्यम भनेका छन् । यो भनाइलाई पुष्टि गर्ने गरी शर्माले *युगकामायण*मा भन्छन् :

भोग्दै सधैँ आपद जिन्दगीमा
बोकेर आशा सुख चाहनामा ।
आशा यसैभित्र छ काम तृप्ती,
कामायणै हो मनको अतृप्ती ।
बाँकी बक्यौता सब छाड ऐले,
सोचेर इच्छा युगको सबैले,
बुझौँ बझाऔँ अब यौन शिक्षा,
ऐले बिदा हुन्छु गरी प्रतीक्षा । (शर्मा, २०८१ ख, पृ. ९२)

कविले यौनशिक्षालाई विशेष महत्त्व दिंदै यौनलाई लैङ्गिक समानता, हिंसा र शोषणको रोकथाम, सहमति र सम्मान, सुरक्षित यौनसम्बन्ध तथा यौन र प्रजनन स्वास्थ्यसम्बन्धी ज्ञान, सीप, व्यवहार र दृष्टिकोणरलाई यौन शिक्षाको विषय बनाउनुपर्ने धारणा राखेका छन् ।

यसरी शर्माका समग्र कृतिको अध्ययन गर्दा उनी गाउँबाट सहर र सहरबाट पनि सुविधा सम्पन्न मुलुक अमेरिकामा पुग्दा पनि आफ्नै जन्मभूमि नेपालकै सन्दर्भ र परिवेशमा चिन्तनशील हुनुले शर्मालाई डायस्पोरा लेखक र उनका कृतिहरूलाई डायस्पोरिक साहित्य भन्नु सान्दर्भिक देखिन्छ । आफ्नो अस्थिरता, पारिवारिक पीडा, दोहोरो नागरिकता, वेतनभोगी दिनचर्या, आप्रवासी जीवनशैली, द्वैत मानसिकता आदि शर्माका डायस्पोरिक पीडा हुन् भने आफ्नो राष्ट्र, राष्ट्रियता, भाषासंस्कृति, पहिचानको खोजी, राजनीतिक द्वन्द्व, अशान्ति, असुरक्षा, सामाजिक विभेद, छुवाछुत, जातपात, गरिबी, अशिक्षा, पछ्यौटेपन आदिप्रति चासो राख्नु शर्माका डायस्पोरिक चिन्तन हुन् ।

## निष्कर्ष

आप्रवासी नेपालीहरूको अनुभव, दिनचर्या, सङ्घर्ष र सांस्कृतिक पहिचान झल्किने गरी तयार गरिएको सिर्जनालाई नेपाली डायस्पोरा साहित्य भनिन्छ । नेपाली डायस्पोरा साहित्यमा मातृभूमिको सम्झना, नयाँ समाजमा एकीकरणका चुनौतीहरू, सांस्कृतिक द्वन्द्व र आफ्नो पहिचानको खोजीलाई मूल विषय बनाइएको हुन्छ । नेपाली डायस्पोरा साहित्यमा भौगोलिक विस्थापनको पीडा, सांस्कृतिक पहिचानको खोजी, आफ्नो जीवन भोगाइ, सङ्घर्ष, सपनाहरू, पारिवारिक चिन्ता, आफ्नो मातृभाषाप्रतिको चिन्तन र स्वदेशको माया अभिव्यक्त भएको देखिन्छ ।

नेपालीहरू विविध कारणले डायस्पोरा बन्न पुगेका हुन् । उत्तरआधुनिक चिन्तन, बहुलवादी दर्शन, भूमण्डलीकरण र सूचनाप्रविधिको तीव्रतम विकासले गर्दा एकातर्फ नेपालीहरू रोजगार र शैक्षिक अवसरको खोजीमा डायस्पोरा बन्न पुगेका हुन् भने अर्कातर्फ राजनीतिक द्वन्द्व, अशान्ति, असुरक्षा, समाजिक विभेद, छुवाछुत, जातपात, गरिबी, अशिक्षा, पछ्यौटेपन

आदि कारणले पनि नेपालीहरू आप्रवासी बन्न पुगेका हुन् । नेपालमा श्रम गर्ने वर्गलाई हेप्ने, छिछिदुरदुर गर्ने, श्रमको सम्मान र बौद्धिक क्षमताको कदर नहुने, आफ्नो पैतृक पेसालाई घृणा गर्ने, स्वरोजगारभन्दा वैदेशिक रोजगारलाई बढी महत्त्व दिनेजस्ता कुसंस्कारले गर्दा पनि नेपालबाट प्रवासीको सङ्ख्या बढ्दै गयो । प्रवासी र वैदेशिक रोजगारीसँगै नेपाली डायस्पोरा साहित्यको विकास भयो । डायस्पोरिक चिन्तन र चिन्ताले निरन्तरता पायो ।

शर्माले आफ्ना कृतिका माध्यमबाट आफ्नो अस्थिर मनोवृत्ति, पारिवारिक पीडा, दोहोरो नागरिकताको समस्या, वेतनभोगी दिनचर्या, आप्रवासी जीवनशैली र द्वैत मानसिकताका डायस्पोरिक पीडालाई प्रकट गरेका छन् । साथै उनले आफू आप्रवासी भएर पनि नेपाली राष्ट्र, राष्ट्रियता, भाषासंस्कृति, पहिचान, राजनीतिक द्वन्द्व, अशान्ति, असुरक्षा, सामाजिक विभेद, छुवाछुत, जातपात, गरिबी, अशिक्षा, पछ्यौटेपन आदिप्रति पनि चासो र चिन्तन प्रकट गरेका छन् । उनका समग्र कृतिहरूमा नेपाली समाजको यथार्थ चिन्तन, विसङ्गतिबोध, राजनीतिक विकृतिको पर्दाफास, मानसिक कुण्ठा, हीनताबोध, गरिबअसहायप्रति सहानुभूति, जीवनका असफलता, आफ्नो अस्तव्यस्त जीवन, जन्मभूमिप्रतिको चिन्तन र कर्मभूमिप्रतिको आत्मसमर्पणको भाव प्रतिबिम्बित हुन्छ । समग्रमा भन्नुपर्दा शर्माका सबै कृतिमा यिनै डायस्पोरिक प्रतिबिम्बहरू झल्किन्छन् ।

शर्माका समग्र कृतिलाई डायस्पोरिक चस्माले हेर्दा उनका कृतिहरूमा आप्रवासी जीवन, एक्लोपन, द्विविधा, अन्योलता, छटपटाहट र विसङ्गत जीवनप्रति चिन्ता प्रकट गरेको पाइन्छ । साथै उनका समग्र कृतिमा डायस्पोरिक चिन्तनको खोजी गर्दै जाँदा उनका प्रायः कृतिहरूमा जन्मभूमि, मातृभाषा, आफन्तजन, आफ्नो संस्कार, नेपाली संस्कृति, परम्परागत पेसा, चाडपर्व र आफ्नो पहिचानप्रति अगाध माया प्रकट गरेको देखिन्छ । यस लेखमा लेखकका कर्मभूमिमा जीवन भोगाइका पीडा वा चिन्ता र आफ्नो जन्मभूमिप्रतिको चिन्तनलाई डायस्पोरिक मानसिकताको प्रतिबिम्ब हो भन्ने निष्कर्ष निकालिएको छ ।

## सन्दर्भ सामग्रीसूची


खनाल, सुदीपभद्र (२०८१), हिम-कन्धराभित्र भेटिएको पितृवन्दना, *हिम-कन्धरा (स्मृतिकाव्य),* अन्तर्राष्ट्रिय साहित्य समाज (भूमिका) ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,* ओरिएन्टल पब्लिकेसन ।

थापा, दिनबहादुर (२०७३), नेपालको राजनीति र वैदेशिक रोजगारी, *गोरखापत्र दैनिक* (२०७३ /९ /२७), https://old.gorkhapatraonline.com/news/35008) .

थापा, दिनबहादुर (२०८०), 'स्वयम्भूका आँखा' मा डायस्पोरिक प्रतिबिम्ब, https://www.amazon.com/ स्वयम्भूका-कवितासङ्ग्रह (Swyambhuka-Collection-prose-poems-ebook (2081\10\12) .

दयारत्न, शा.भि. (२०१८), *समीक्षाः डायस्पोरा साहित्य चिन्तन र मन्थन,* https://sahityasangraha.com/ 2018/03/14/डायस्पोरा-साहित्य-चिन्तन (2081\10\12).

पौडेल, लकाश (२०८०), नेपाली लोकजीवन र लोकछन्दमा सजिएको सिर्जना, 'जन्मभूमि सम्झेर', *जन्मभूमि सम्झेर (गीति कवितासङ्ग्रह),* अन्तर्राष्ट्रिय साहित्य समाज, पृ. ८-२५ ।

भट्टराई, गोविन्दराज (२०६१), *पश्चिमी बलेंसीका बाछिटा,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, गोविन्दराज (२०६२), *उत्तरआधुनिक ऐना,* रत्न पुस्तक भण्डार ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* मोर्डन बुक्स ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७९), *डायस्पोराको सैद्धान्तिक स्वरुप,* पैरवी प्रकाशन ।

वराल, ईश्वर र अन्य सम्पा. (२०५५), *नेपाली साहित्यकोश,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

विद्रोही, राजेश (सन् २०२४), चन्द्र गुरुङका कवितामा डायस्पोरिक चेतना, *दृष्टिकोण* Vol. 14 No. 1 (2024), p. 205-215. OI: https://doi.org/ 10.3126/dristikon.v14i1.66063 .

शर्मा पौडेल, प्रेमप्रसाद (२०५६), *हामी अङ्कहरू* (कवितासङ्ग्रह), कालीगण्डकी कम्प्युटर इस्टिच्युट

................ (२०७९ क), *महत्तम यात्रा* (खण्डकाव्य, दीअ प्रकाशन, रत्न-श्रेष्ठ पुरस्कार गुठी ।

................ (२०७९ ख), *चिन्तन परिधिभित्र* (कथासङ्ग्रह), *दीअ प्रकाशन, रत्न-श्रेष्ठ पुरस्कार गुठी ।*

................ (२०७९ ग), *याद नेपालकै* (छन्दोबद्ध कवितासङ्ग्रह), अन्तर्राष्ट्रिय साहित्य समाज ।

................ (२०८० क), *स्वयम्भूका आँखा* (गद्य कवितासङ्ग्रह), अन्तर्राष्ट्रिय साहित्य समाज ।

................ (२०८० ख), *जन्मभूमि सम्फेर* (गीति कवितासङ्ग्रह), अन्तर्राष्ट्रिय साहित्य समाज ।

................ (२०८१ क), *हिम-कन्धरा* (स्मृतिकाव्य), अन्तर्राष्ट्रिय साहित्य समाज ।

................ (२०८१ ख), *युगकामायण* (खण्डकाव्य), अन्तर्राष्ट्रिय साहित्य समाज ।

सुवेदी, होमनाथ (२०७३), संस्थापक अध्यक्ष- होमनाथ सुवेदी, *अनेसासको इतिहास,* अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वासिङ्टन डी.सी. (पृ. ४७-८३) ।

सुवेदी, होमनाथ (२०७९), याद नेपालकै प्रेमको भूमिका*, याद नेपालकै (छन्दोबद्ध कवितासङ्ग्रह),* अन्तर्राष्ट्रिय साहित्य समाज (भूमिका लेखन) ।

**Ethical Approval for Research:** Not applicable.

**Conflict of Interest:** No conflict of interest.

**Ethical Conduct of Research:** I declare that this work has been ethically conducted.

**Biography of Auther**: Din Bahadur Thapa is a Professor of Nepali language, at Tribhuvan University, Nepal. He has got PhD in Sociolinguistics in Nepali Language from TU, Nepal. His focal area of study is socio-linguistics and Nepali Folklore.